# नेचासल्यान गाँउपालिकाको गाउँसभामा २०७९ साल अषाढ ३१ गते उपाध्यक्ष श्री विना राईज्यूद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०७९/०८०
# को
# बजेट बक्तव्य

## नेचासल्यान गाउँपालिका
## नेचावेतघारी, सोलुखुम्बु
## १ नं. प्रदेश, नेपाल

## सम्मानित यस गाउँसभाका अध्यक्ष महोदय तथा सदस्यहरु ज्यूहरु ।

1. नेचासल्यान गाँउपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा देश र जनताको निम्ति जीवन अर्पन गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रृन्दान्जली व्यक्त गर्न चाहन्छु । साथै सामाजिक न्याय, आर्थिक सम्मुन्नति, राजनीतिक परिवर्तनका लागि संघर्ष गर्नुहुने महान जनता र नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरु प्रति आभार प्रकट गर्न चाहन्छु ।
2. लामो समयको जनताको राजनीतिक संघर्ष पश्चात स्थानीय तहको दोस्रो निर्वाचन सँगै नेपालको संविधानमा व्यवस्था भए बमोजिमको तीन तहको राज्य व्यवस्थाको सुरुवात भएको ६ वर्ष वितिसकेको छ । यो अवधिमा शासन व्यवस्थामा अन्योलता, कर्मचारीको अपर्याप्तता, पूर्वाधारको कमी जस्ता समस्याहरु सामना गर्नुपरेको छ । यस्तो परिस्थितिमा यहाँका जनताले नजिकमा सेवा र गाउँ टोलमा विकासका अनुभूति गर्न पाउनु चुनौतीको विषय बनेको छ ।
3. अपार प्राकृतिक श्रोत र प्राकृतिक मनोरम, खेतियोग्य जमिन, मेहनती जनता यहाँका सम्पत्ति हुन् । नेतृत्व वर्गले यिनै सम्पत्तिलाई जनताको खुशीमा परिवर्तन गर्न सके सम्वृद्ध नेचासल्यानको अभियान सफल हुनेछ ।
4. नेचासल्यान गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ र प्रदेशको बजेट सीमा, नेचासल्यान गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, दीगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिएको छु । साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजिवी, राजनीति कर्मी, भद्र भलाद्मी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु ।

## सम्मानित अध्यक्ष महोदय,

5. अब म नेचासल्यान गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन अनुमति चाहन्छु ।
    - गाउँपालिकाले कृषि, पर्यटन, सञ्चार, जलविद्युत, लघुउद्यम विकास, पुर्वाधार विकास आदिको क्षेत्रमा लगानी गर्दै आएको छ । संघीयता कार्यान्वयनको पहिलो ६ वर्षको अवधिमा स्थानीय सरकारको उपस्थितिले जनतामा आर्थिक कारोबार गर्ने क्षमतामा सामान्य वृद्धि भएको अनुमान गरेको छु ।

- नगदेबाली लगायत कृषि उत्पादन, भण्डारण तथा व्यापारमा वृद्धि भएको छ । दैनिक उपभोग्य सामानको पैठारीमा न्यूनीकरण भएका छ । गाउँपालिकाले विविध वस्तु तथा सेवाका आन्तरिक उत्पादनमा जोड दिई निकासी प्रबर्द्धन गर्नुपर्दछ ।
- सडकको विस्तारले दैनिक उपभोग्य सामान लगायतको मूल्य घट्न गई सर्वसाधारण जनताको जीवनस्तरमा सुधार आएको छ ।

तर, वस्तु निर्यात भन्दा आयात बढी रहेको विभिन्न तथ्यांकले देखाएकोले स्थानीय उत्पादनलाई बढी प्राथमिकता दिनुपर्ने नीति गाउँपालिकाले अबलम्बन गर्नुपर्ने देखिन्छ । राजस्व परिचालनको लक्ष्य नजिक पुगेको देखिदैन । त्यसैले राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभाबकारी बनाउने रणनीति तर्फ ध्यान दिनुपर्ने देखिन्छ । जनतामा आर्थिक असन्तुलन देखिन्छ । त्यसैले विपन्न उम्मूख कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## सम्मानीत अध्यक्ष महोदय,

**6.** बजेटका उद्देश्य र प्राथमिकता यस अघि नै सभामा पेश गरिसकिएको छ । आर्थिक वर्ष २०७९/०८० को बजेटको उद्देश्य तथा प्राथमिकता देहाय बमोजिम रहेको छ ।

(क) सडकको विस्तार र स्तरोन्नती गरी नागरिकलाई यातायातको पहुँचमा पुर्‍याउने ।
(ख) कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने ।
(ग) पर्यटन क्षेत्रलाई विकास र विस्तार गरी समग्र गाँउपालिका नै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।
(घ) स्वास्थ्य र शैक्षिक गुणस्तर बृद्धि गर्ने ।
(ङ) सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने ।
(च) युवा स्वरोजगार कार्यक्रलाई बढवा दिने ।
(छ) सेवा प्रवाहको गुणस्तर बृद्धि गरी प्रक्रियागत झन्झटलाई अन्त्य गर्ने ।

**7.** अब म बजेट तर्जुमाका आधार र सिद्धान्तहरु प्रस्तुत गर्न चाहन्छ । नेचासल्यान गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यकम तर्जुमा गर्दा देहायका आधार र सिद्धान्तहरुको अवलम्बन गरेको छः

- नेपालका संविधान,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेका व्यवस्था
- राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोगको मार्गदर्शन
- संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिकामा रहेका प्रावधानहरु
- संघीय, प्रादेशकि र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- स्थानीय स्तरमा उपलव्ध श्रोत र साधन,
- विकासका अन्तसम्बन्धित विषयहरु,
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- संघ र प्रदेशले अबलम्बन गरेका आर्थिक नीतिहरु,
- विकासका आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरुयोजना,
- राजस्व परामर्श समितिको प्रतिबेदन ।

## सम्मानित अध्यक्ष महोदय,

**8.** नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को बजेटका श्रोतहरु देहायबमोजिम रहेका छ :

क) संघीय सरकार वित्तिय समानिकरण
ख) संघीय सरकार सशर्त अनुदान
ग) प्रदेश वित्तिय समानिकरण
घ) प्रदेश सरकार राजस्व बाँडफाड
ङ) प्रदेश समपुरक अनुदान
च) विषेश अनुदानहरु
छ) आन्तरिक राजस्व परिचालनबाट प्राप्त आय
ज) स्थानीय सञ्चित कोषमा रहेको मोज्दात रकम
झ) गैरसरकारी संघसंस्थाहरुको वार्षिक स्वीकृत कार्यक्रम ।

**9.** कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिबेदन, राजस्व परामर्श समितिका प्रतिबेदन, वडागत योजना प्राथमिकिकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ ।

**10.** नेपाल सरकारको बजटे बक्तव्य, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, प्रदेश बजेट बक्तव्य, आन्तरिक आय र आ.व. २०७८/०७९ मा नेचासल्यान गाउँपालिकाको

सञ्चित कोषमा रहेको बैकं मौज्दातको आधारमा आ.व. २०७९/०८० को लागि नेचासल्यान गाउँपालिकाको अनुमानित कूल बजेट **रु. ४६ करोड ५ लाख ६४ हजार ३० रुपैया** रहेको छ।

**11.** अब म आगामी आर्थिक वर्ष २०७९/०८० को लागि गाँउकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखाहरुको लागि बजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु।

**12.** आ.व. २०७९/०८० को शसर्त कार्यक्रमको लागि ***रु. २२ करोड ४८ लाख*** विनियोजन गरिएको छ ।

**13.** आ.व. २०७९/०८० को लागि चालू खर्च तर्फको विनियोजन देहायबमोजिम रहेको छः

क) आ.व. २०७९/०८० को लागि चालू खर्च अन्तर्गत प्रशासनिक तर्फको कार्यक्रमको लागि ***रु. ८ करोड १७ लाख ५२ हजार*** **५ सय** विनियोजन गरिएको छ।

**ख**) आ.व. २०७९/०८० को लागि चालू खर्च अन्तर्गत पूँजीगत तर्फको कार्यक्रमको लागि ***रु. १ करोड ४१ लाख*** विनियोजन गरिएको छ।

**ग**) आ.व. २०७९/०८० को वडा तर्फको चालु खर्च अन्तर्गत प्रशासनिक कार्यक्रमको लागि प्रति वडा रु. १० लाखको दरले एकमुष्ट ***रु. ५० लाख*** विनियोजन गरिएको छ ।

घ) माथि (क)+(ख)+(ग) समेत जम्मा प्रशासनिक तर्फको बजेट विनियोजन ***रु. १० करोड ८ लाख ५२ हजार ५*** सय रहेको छ।

**14.** आ.व. २०७९/०८० को लागि वडा कार्यालय तथा गाउँपालिकाको कार्यक्रम तथा विकास बजेट सम्बन्धी विनियोजन देहायबमोजिम रहेको छ।

क) प्रत्येक वडा कार्यालयलाई रु. ५५ लाखको दरले एकमुष्ट रु. २ करोड ७५ लाख विनियोजन गरिएको छ।

ख) आ.व. २०७९/०८० मा नेचासल्यान गाउँपालिकाको गौरवका आयोजना, दीर्घकालीन महत्वको आयोजना तथा कार्यक्रमहरुको लागि **रु. १० करोड ७४ लाख ११ हजार ५ सय ३०** विनियोजन गरिएको छ।

**15.** अब म नेचासल्यान गाँउपालिकाको आ.व. २०७९/०८० को योजना तथा कार्यक्रमहरुको विनियोजन सम्बन्धीको बजेट बक्तव्य प्रस्तुत गर्न चाहन्छु।

**16.** नेचासल्यान गाउँपालिका, वडा नं. १ लाई रु. ५५ लाख विनियोजन गरिएको छ।

**17.** नेचासल्यान गाउँपालिका, वडा नं. २ लाई रु. ५५ लाख विनियोजन गरिएको छ।

**18.** नेचासल्यान गाउँपालिका, वडा नं ३ लाई रु. ५५ लाख विनियोजन गरिएको छ।

**19.** नेचासल्यान गाउँपालिका, वडा नं. ४ लाई रु. ५५ लाख विनियोजन गरिएको छ।

**20.** नेचासल्यान गाउँपालिका, वडा नं. ५ लाई रु. ५५ लाख विनियोजन गरिएको छ।

**21.** नेचासल्यान गाउँपालिका स्वास्थ्य शाखा तर्फ रु. ४५ लाख ४९ हजार ५ सय ३० रुपैया विनियोजन गरिएको छ।

**22.** नेचासल्यान गाउँपालिका पशु सेवा शाखा तर्फ रु ३३ लाख ९० हजार विनियोजन गरिएको छ।

**23.** नेचासल्यान गाउँपालिका कृषि शाखा तर्फ रु. ३४ लाख ५० हजार विनियोजन गरिएको छ।

**24.** नेचासल्यान गाउँपालिका शिक्षा शाखा तर्फ रु. ७१ लाख ५२ हजार विनियोजन गरिएको छ। जस अन्तर्गत खेलकुद शिर्षकमा रु. १९ लाख विनियोजन गरिएको छ।

**25.** नेचासल्यान गाउँपालिका महिला तथा बालबालिका शाखा तर्फ रु. ८ लाख विनियोजन गरिएको छ।

## अध्यक्ष महोदय,

**26.** अब म नेचासल्यान गाउँपालिकाको गौरबका आयोजना तथा कार्यक्रमहरुको एकमुष्ट बजेट विनियोजन सम्बन्धी विवरण पेश गर्न चाहन्छु।

**27.** नेचासल्यान गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि रु.२ करोड विनियोजन गरिएको छ।

**28.** गाउँपालिका भित्रका डिपिआर हुन बाँकी रहेका सडकहरुको डिपिआर तथा विस्तृत लागत प्रतिवेदन तयारीको लागि रु. २० लाख विनियोजन गरिएको छ।

29. त्रिवेणी माझगाँउ नाम्लो दोदी सडक स्तरोन्नतीको लागि रु. ५५ लाख विनियोजन गरिएका छ।

**30.** गाउँपालिका भित्रको हाटबजार तथा घनावस्ती भएको ठाँउहरुमा फोहोर मैला बढदै गएकोले यसको व्यवस्थापनको लागि गाउँपालिकाले विशेष कदम चाल्नु आवश्यक छ। फोहोरमैला व्यवस्थापनको लागि रु. १० लाख विनियोजन गरिएको छ।

**31.** महिलाहरुलाई उद्यमी बनाउने सिलसिलामा महिला तालिम विस्तारको लागि रु. ८ लाख विनियोजन गरिएको छ।

**32.** न्यायिक समिति तथा मेलमिलाप सम्बन्धी तालिमको लागि रु. २ लाख ५० हजार विनियोजन गरिएको छ।

**33.** कुसुम थुतेन गम्बा निर्माण सिमखर्क क्रमागतको लागि रु. ५ लाख विनियोजन गरिएको छ।

34. किरात भुमेस्थान सामुदायिक भवन निर्माण वडा नं. १ का लागि रु. १० लाख विनियोजन गरिएको छ ।

35. **लेप्लु सिमखर्क घुन्सा चागुमरुंगा हुदै पुछार सडक स्तरोन्नती वडा नं. १ का लागि रु. २० लाख विनियोजन गरिएको छ ।**

36. जिम्बिर छेलोहान्ने पत्ताले सडक ट्र्याक ओपनको लागि रु. ६ लाख विनियोजन गरिएको छ ।

37. भुमेश्वरी आवी कृषि प्राविधिक शिक्षालय अध्ययन तथा व्यवस्थापनका लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

38. भूमेश्वरी आवि शिक्षक व्यवस्थापनको लागि रु. ६ लाख विनियोजन गरिएको छ ।

39. सुविधा सम्पन्न सत्सङ भवन निर्माण (शिव मन्दिर वडा नं.) को लागि रु. २० लाख विनियोजन गरिएको छ ।

40. यलम्बर पार्क सम्भाव्यता अध्ययन वडा नं. को लागि रु. १ लाख विनियोजन गरिएको छ

41. **थुलुङ साँस्कृति संग्राहलय निर्माण क्रमागत वडा नं. २ को लागि रु. ५ लाख विनियोजन गरिएको छ ।**

42. **प्रस्तावित प्रहरी चौकी जाने बाटो ट्र्याक ओपन वडा नं. २ को लागि रु. ५ लाख विनियोजन गरिएको छ ।**

43. **दमाई गाउँ हुदै स्याखिने जाने बाटो निर्माण वडा नं. २ को लागि रु. ५ लाख विनियोजन गरिएको छ ।**

44. **त्रिवेणी विद्युत मर्मत तथा व्यवस्थापन वडा नं. २ को लागि रु. ४ लाख विनियोजन गरिएको छ ।**

45. **नेचासल्यान स्वागत गेट निर्माण (वडा नं. २ दाल्दु) को लागि रु. १५ लाख विनियोजन गरिएको छ ।**

46. **नाला ड्रेन निर्माण दाल्दु सडक वडा नं.२ को लागि रु. १ लाख विनियोजन गरिएको छ ।**

47. गणेशमान प्रतिष्ठान भवन निर्माण क्रमागत वडा नं. ३ को लागि रु. १० लाख विनियोजन गरिएको छ ।

48. क्रियटिभ युवा क्लब शौचालयन निर्माण वडा नं. ३ को लागि रु. ३ लाख विनियोजन गरिएको छ ।

49. विरुवा हर्राफेद सडक निर्माण (वेशिगाउँ पुछार) वडा नं. ३ को लागि रु. ६ लाख विनियोजन गरिएको छ ।

50. ढल निर्माण (गैरी बजार-इलाका प्रहरी कार्यालय सडक वडा नं. ३ को लागि रु. ६ लाख विनियोजन गरिएको छ ।

**51.** झाफरे सामुदायिक वन दलित टोल कालीका देवी दुर्गामान राईको घर छेउ सडक ट्रयाक ओपन वडा नं. ३ को लागि रु. ४ लाख विनियोजन गरिएको छ।

**52.** भवन मर्मत इलाका प्रहरी कार्यालय वडा नं. ३ को लागि रु. १ लाख विनियोजन गरिएको छ।

**53.** अधेरी खोला मुहान टारी कालीपोखरी चुहान खानेपानी वडा नं. ३ निर्माणको लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

**54.** फर्निचर व्यवस्थापन हिमाल दर्शण मावि वडा नं ३ लाई रु. ७ लाख विनियोजन गरिएको छ।

**55.** सिम्ले खाल्ले विसौना टोल सिंहदेवी थान सडक स्तरोन्नती वडा नं. ३ को लागि रु. ५ लाख विनियोजन गरिएको छ।

**56.** शिव मन्दिर व्यवस्थापन (जमरकटेल प्रतिष्ठान-३) को लागि २ लाख विनियोजन गएिको छ।

**57.** रोहितको घर अघि सडक तार जाली वडा नं. ३ को लागि रु. २ लाख विनियोजन गरिएको छ।

**58.** विहिबारे भण्डारी गाउँ सडक तारजाली वडा नं. ३ को लागि रु. ३ लाख विनियोजन गरिंएको छ।

**59.** एलजिपि भवन शैचालयको लागि रु. १ लाख विनियोजन गरिएको छ।

**60.** भवन निर्माण साझेदारी केदार मावि वडा नं. ४ को लागि रु. २० लाख विनियोजन गरिएको छ।

**61.** थुलुङ सामा भवन निर्माण क्रमागतको लागि रु. ८ लाख विनियोजन गरिएको छ ।

**62.** सिरानदेल खानेपानी मर्मत वडा नं. ४ का लागि रु. ५ लाख विनियोजन गरिएको छ।

**63.** अमलबोट कुइलोखोला ढाँड सडक ट्रयाक ओपनको लागि रु. ८ लाख विनियोजन गरिएको छ।

**64.** विद्यालय व्यवस्थापन तथा शौचालय मर्मत सगरमाथा आवि वडा नं. ४ को लागि रु. २ लाख विनियोजन गरिएको छ।

**65.** राकुरकुखोला सडक स्तरोन्नती वडा न.. ४ का लागि . रु. १० लाख विनियोजन गएिको छ।

**66.** कालिका देवी मन्दिर देवी थान घेराबार वडा नं. ४ का लागि रु. ५ लाख विनियोजन गरिएको छ।

**67.** तुइन्टार विद्युत व्यवस्थापन तथा मर्मतको लागि रु. ४ लाख विनियोजन गरिएको छ।

68. तल्लो पुरानोखानी धाराफार महादेवस्थान मन्दिर घेराबारको लागि रु. २ लाख विनियोजन गरिएको छ ।

69. गणेशथान मावि गैरी शिक्षक व्यवस्थापन वडा नं. ५ को लाीग रु. ६ लाख ५० हजार विनियोजन गरिएको छ ।

70. विउविजन चिस्यान भण्डारण केन्द्र निर्माण वडा नं. ५ गैरीको लागि रु. १५ लाख विनियोजन गरिएको छ ।

71. संजिवनी कृषि फर्म सञ्चालन तथा व्यवस्थापन वडा नं. ५ को लागि रु. ८ लाख विनियोजन गरिएको छ ।

72. गिताष्मणी चर्च मण्डली वडा नं. ५ को लागि रु. १० लाख विनियोजन गरिएको छ ।

73. भुमेस्थान आवि सिताम्दु विद्यालय घेराबारको लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

74. केशरी भ्युटावर कमागत वडा नं. ५ को लागि रु. १० लाख विनियोजन गरिएको छ ।

75. झोलुङगे पुल मर्मत कार्यक्रमका लागि रु। ५ लाख विनियोजन गरिएको छ ।

76. सडक मर्मत कोष शीर्षकमा रु. २० लाख विनियोजन गरिएको छ ।

77. वातावरण तथा विपद् व्यवस्थापन कार्यका लागि रु. २० लाख विनियोजन गरिएको छ ।

78. सुशासन तथा संस्थागत विकास/सार्वजनिक सेवा तथा क्षमता विकास कार्यको लागि रु. ४१ लाख विनियोजन गरिएको छ ।

79. पूँजीगत खर्च कोषमा रु. ८५ लाख विनियोजन गरिएको छ ।

80. आर्थिक वर्ष २०७८/०७९ मा काम सम्पन्न भएको तर सो आ.व.मा भुक्तानी हुन नसकेका देहायका योजनाहरुको लागि देहाय बमोजिम बजेट विनियोजन गरिएको छ ।

| **क्र.सं.** | **योजनाको नाम** | **कूल बजेट** |
|---|---|---|
| १. | कुन्तादेवी स्थल सिडी निर्माण वडा नं. १ | ६,००,०००।- |
| २. | स्याखिने पञ्चकन्यादेवी शौचालय वडा नं. २ | १,५०,०००।- |
| ३ | थुलुङ सामा भवन निर्माण वडा नं. ४ | ६,००,०००।- |

| | | |
|---|---|---|
| . | | |
| ४. | फुर्के भ्यु टावर निर्माण वडा नं. ४ | ७,५०,०००।- |
| ५. | गा.पा. स्तरीय दलित समन्वय समिति | १०,५०,०००।- |
| ६. | माथ्लो सल्यान किरियापुत्री टहरो निर्माण वडा नं. २ | २,००,०००।- |
| ७. | सल्यान-फेदि-दोदी-खहरे-नाम्लो-चुर्पु सडक खण्डको खहरे-विहिवारे-चुर्पु खण्ड | २५,१५,०००।- |
| ८. | थुलुङ सांस्कृतिक भवन निर्माण वडा नं. २ | ११,२०,०००।- |
| ९. | प्रेस चौचारी नेपाल | ५०, ०००।- |

**81.**

वडाहरुको बजेट विनियोजन सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

वडा नं. १

| क्र.स. | शीर्षक | रकम |
|---|---|---|
| सामाजिक विकास | | |
| १ | शिक्षा तर्फ वडा समितिको निर्णय | २००,०००।० |
| २ | भुमेश्वरी मा.वि.कोचिङ रु | ७०,०००।० |
| स्वास्थ्य | | |
| १ | स्वास्थ्य वडा समितको निर्णय | १००,०००।० |
| २ | महिला तिज विशेष कार्यक्रम | ३०,०००।० |
| ३ | गुगुर्दी खानेपानी व्यवस्थापन | १००,०००।० |
| संस्कृति प्रर्वद्धन | | |
| १ | खप्तडी बस्नेत सेवा समाज ट्रष्ट निर्माण | ७००,०००।० |

| | | |
|---|---|---|
| २ | शेर्पा पाटी ट्रष्ट निर्माण जिब्ली | २००,०००।० |
| ३ | वाहिङ तुम्लो लिपि संरक्षण | १००,०००।० |
| पूर्वाधार विकास | | |
| १ | कागते बाजारे ट्र्याक तथा स्तरोन्नती | ४००,०००।० |
| २ | घुन्सा खोला सडकमा जाली | ४००,०००।० |
| ३ | सोलिङ्गमा माटो तथा चोकर लगाउन ट्याक्टर तथा टीफर प्रयोग | १००,०००।० |
| सिंचाइ | | |
| १ | ठाडौ खोला मुहान बिच कुलो सान टारी चुहान | १००,०००।० |
| २ | दिपकको घरमुनी सिँचाइ पाइप व्यवस्थापन | १००,०००।० |
| उर्जा लघु उद्यम वितथा साना जलविद्युत | | |
| १ | केन्दीय प्रसारण लाईन भएको टोलमा व्यवस्थापन | १,०००,०००।० |
| विविध | | |
| १ | वडा समितिको निर्णबाट खर्च हुने गरी | १,०००,०००।० |
| २ | लक्षित समुह (दलित, अपांग, जेष्ठ, बालबालीका) वडा समितिको निर्णयानुसार | ४००,०००।० |
| ३ | जनजाती वडा निर्णय | ५००,०००।० |
| | जम्मा | ५,५००,०००।० |

## वडा नं. २

| | | |
|---|---|---|
| सामाजिक विकास | | |
| खानेपानी | | |
| १ | पुराना गाउँ ट्याङकी निर्माण गर्न | २००००० |
| | सिमल पधेरो निर्माण | २००००० |
| भाषा संस्कृति | | |
| १ | ज्वालामाई देविस्थान मन्दिर व्यवस्थापन | १००००० |
| २ | ककनी मन्दिर व्यव्स्थापन | १००००० |
| ३ | सुदेवी मन्दिर व्यव्स्थापन | १००००० |
| ४ | चर्च भवन सिलिङ | १५०००० |
| ५ | भट्टराई खत्री कुलघर घेराबार | ४००००० |
| लैंगिक तथा समानता तथा सामाजिक समावेशीकरण | | |
| १ | महिला तर्फ | १००००० |
| २ | जेष्ठ नागरिक तर्फ | १००००० |
| ३ | आपाङ्ग तर्फ रु | १००००० |
| ४ | पिछडिएको जाती तर्फ | १००००० |
| ५ | आदिवासी जनजाती तर्फ रु | १००००० |
| पूर्वधार विकास | | |
| १ | सिम हुँदै तल्को खाल्पा बेलिब्रिजसम्म सडक ट्र्याक ओपन गर्न | ५००००० |
| २ | दालबारी हुदै सालघारीसम्म सडक ट्र्याक ओपन | १००००० |
| ३ | नेवार भवन शौचालय | २००००० |
| सिंचाइ | | |
| १ | ठाडो खोला मुहान लिन्केदु चुहान | १५०००० |
| | ठाडो खोला मुहान कोइरालो फेद चुहान सिंचाइ | ३००००० |
| उर्जा | | |
| १ | केन्द्रीय प्रसारण लाइन विस्तारमा व्यवस्थापन | १५००००० |
| विविध | | |
| १ | वडा समितिको निर्णयबाट खर्च हुने गरी | १०००००० |

| | | |
|---|---|---|
| | जम्मा | ५५००००० |

## वडा नं. ३

| | | |
|---|---|---|
| क | १. खानेपानी तथा सरसफाई | |
| १ | जम्बु खोला मुहान खाल्ले भट्टराई टोल चुहान खानेपानी मर्मत | ५०००० |
| २ | जम्बु खोला फर्म करकल्नी मुहान खाल्ले चुहान खानेपानी मर्मत | ५०००० |
| ३ | ढाँड चौर घर भक्त राई छेउ कुवा र पाइप व्यवस्थापन | ३५००० |
| ४ | चोक्टे जालिम्बो टोल खानेपानी मर्मत र पाइप व्यवस्थापन | १५०००० |
| ५ | मुलपानी चोक खानेपानी ट्यांकी निमार्ण | २५०००० |
| ६ | बिहिबारे दमाई गाउँ खानेपानी कुवा व्यवस्थापन | ५०००० |
| ७ | सिम खानेपानी मर्मत र पाइप व्यवस्थापन - | २५०००० |
| ८ | ठुलो धारो व्यवस्थापन तथा क्रियापुत्री खाना खुवाउने ठाउँ निर्माण | २००००० |
| ९ | सेतिमुल खानेपानी मुहान संरक्षण र ट्यांकी घेरावार | १००००० |
| १० | हाडी खोला मुहान गैरागाउँ चुहान खानेपानी इन्टेक निमार्ण | १००००० |
| ११ | भक्तेको धारो ख हुदै रैकर भदौरे रिखिरामको घर नजिक चौतारा चुहान खानेपानी व्यवस्थापन | ३००००० |
| १२ | रुद्राक्षको फेद करकल्नी मुहान खाल्डे चुहान खानेपानी मर्मत | ५०००० |
| | | |
| ख | २, पुर्वाधार विकाश | |
| १ | काउले कुडाँर माझपानी फुर्के भनज्याङ बाँकी सडक ट्र्याक ओपन र स्तरउन्नति | ३००००० |
| २ | मसान घाट देखी घुमाउने बर सम्म घोरेटो बाटो मर्मत | १००००० |
| ३ | राधाकृष्ण मन्दिरबाट ट्रान्सफरमर जाने बाटो मर्मत | ५०००० |
| ४ | हिमाल दर्शन मा.वि. देखी माथी खोला साईड घोरेटो बाटो घलेसुगारा सम्म मर्मत तथा तारजाली | ३००००० |
| ५ | जम्बु खोला शालिक आसपासबाट खोल्सी राम प्रसादको घर हुदै बुङथारु खनाल टोल मोटर बाटोमा जोड्ने सडक ट्र्याक ओपन - ३,००,०००।- | ३००००० |

| | | |
|---|---|---|
| ६ | खिलनाथ भट्टराई र सुषण सार्कीको घर छेउ पहिरो नियन्त्रण | १५०००० |
| ७ | गैरी बजार बास्तोला गाउ सडक स्तरोन्नती | १००००० |
| | | |
| ग | **३, संस्कृती प्रर्वद्धन** | |
| १ | सार्की गाउँ चुची ढुंगा धर्म चौतारा निमार्ण | १००००० |
| २ | वरडाडा देलसुवा भुमेथान व्यवस्थापन | १००००० |
| ३ | बाहिङ किरात राईहरुले मान्दै आएको भुमेथान, भुमेहरु व्यवस्थापन | १००००० |
| ४ | पन्चकन्या कालिका देवी च्यानडाडा मन्दिर व्यवस्थापन | १००००० |
| ५ | ढाँड बारी कालिका देवी मन्दिर व्यवस्थापन | ५०००० |
| ६ | नवग्रह वाटिका व्यवस्थापन | १५०००० |
| ७ | घुमाउने बरको वरीपरी घुमाउने पक्की वाल निर्माण | २००००० |
| | | |
| घ | **सिचाई तथा कुलो** | |
| १ | उजेली खोला मुहान गैरागाउँ पुछारघर भ्याखेत आहालसम्म कुलो मर्मत | ५०००० |
| | | |
| ञ | **५, स्वास्थ्य** | |
| १ | नेचा बेतघारी स्वास्थ्य चौकीमा प्रोत्साहन सामाग्री व्यवस्थापन | ५०००० |
| २ | बरडाँडा स्वास्थ्य संस्थामा जेष्ठ नागरिक निशुल्क सुगँर जाचँ | २०००० |
| ३ | बरडाँडा स्वास्थ्य चौकीमा गर्भवति निशुल्क जाचँ | १५००० |
| ४ | बरडाँडा स्वास्थ्य चौकीलाई आवश्यक मसलन्द तथा कार्यालय व्यवस्थापन | २०००० |
| ५ | बरडाँडा स्वास्थ्य चौकीका स्वयम् सेवीकालाई प्रोत्साहन | १०००० |
| च | **उर्जालघु तथा साना जलबिधुत** | |
| १ | केन्द्रिय बिधुत प्रसारण लाइनको लागी उपभोक्ताको घरसम्म पुर्‍याउने कालो तार खरिद | ४००००० |
| छ | **लक्षित समुह- लैगिंक समानता तथा सामाजिक समाबेशिकरण** | |
| १ | बालबालिका | १००००० |
| ३ | अपाङ्ग | १००००० |

| | | |
|---|---|---|
| ४ | जनजाति वडाको निर्णय अनुसार | १००००० |
| ५ | जेष्ठ नागरिक | १००००० |
| ६ | दलित | १००००० |
| | | |
| ज | **वडा समितिको निर्णय अनुसार खर्च गर्ने** | ७५०००० |
| | **कुल जम्मा** | ५५००००० |

## वडा नं.४

| सि.नं. | योजना कार्यक्रमको नाम | रकम |
|---|---|---|
| आर्थिक विकास<br>सामाजिक विकास | | |
| १ | जेष्ठ नागरिक | १००००० |
| २ | अपाङ्ग | १००००० |
| ३ | दलित | १००००० |
| ४ | जनजाती | १००००० |
| ५ | बालबालिका | १००००० |
| पूर्वाधार विकास | | |
| सडक | | |
| १ | माभ्फ पानी फुर्के पोखरी सडक ट्रयाक ओपन | १५०००० |
| २ | बास्तोला टोल हुँदै तिङलालीटोल सडक ट्रयाक ओपन | ३००००० |
| ३ | घोराखोरी तुईन्टार सडक खण्डको कोप्चेपानी सडक स्तरोन्नती | ५००००० |
| ४ | चेने डाडा तिमोथि मोड बिच तारजाली व्यवस्थापन | २००००० |
| | थुम्कि दलित बस्ति गोरेटो बाटो मर्मत | २००००० |
| सिंचाई तथा खानेपानी | | |
| १ | भण्डारघर खानेपानी आयोजना | ५००००० |
| ३ | चम्लाबोट खानेपानी श्रोत संरक्षण | २००००० |
| ५ | डुडकुलो दोस्रो सिंचाइ आयोजना | २००००० |

| | | |
|---|---|---|
| भवन तथा सहकारी विकास | | |
| १ | पुरानोखानी मुलिघर निर्माण वडा नं. ९ | ५००००० |
| २ | नेचा सामुदायिक अस्पताल टायल सिलिङ लगाउने | ५००००० |
| ३ | भुम्की मुलिघर व्यवस्थापन | २००००० |
| सञ्चार | | |
| १ | केन्दीय प्रसारण लाइनको लागि विद्युत सामग्री खरिद | ५००००० |
| संस्कृति विकास | | |
| १ | थुम्की दलित बस्ती बाजा खरिद | ५०००० |
| ३ | खरबारी महाकालि मन्दिर घेराबार | १५०००० |
| ४ | छेब्दु ससिद्धाथान मन्दिर घेराबार | १००००० |
| खेलुकुद विकास | | |
| १ | खेलाडि व्यवस्थापन मसलन्द | १००००० |
| वातावरण तथा विपद व्यवस्थापन | | |
| १ | टिम्बुरफेद पैसिकुर्कू तारजाली व्यवस्थापन | १५०००० |
| ८ | विविध | ५००००० |
| | जम्मा | ५५००००० |

वडा नं. ५

| क्र.स. | शीर्षक | रकम |
|---|---|---|
| कृषि | | |
| 1 | वडा नं. ५ मा बन्दा, काउली, अदुवा, गोलभेडा लगायत अन्य कृषि बालिको बेर्ना उत्पादन, भण्डारण जैविक विषादी तथा कृषकहरुलाई प्रशिक्षण कार्यक्रम सामग्रीको निर्णय अनुसार | २००,०००।० |
| **खानेपानी तथा सरसफाई** | | |
| 1 | स्याउरे स्रोत मुहान केशरी चर्च छेउ मर्मत तथा खानेपानी मर्मत तथा निर्माण | २५०,०००।० |

| | | |
|---|---|---|
| 2 | पिपिरी मुहान फ्रेवा  खानेपानी केन्द्र चुहान मर्मत तथा निर्माण | ४००,०००।० |
| 3 | धर्जने मुहान विरौटे खोप केन्द्र चुहान खानेपानी निर्माण तथा मर्मत | २५०,०००।० |
| 4 | सिताम्दु बडाली खोला छेउ मुहान तल्लो साम्बुरु कामीगाउँ साउँखले<br>टोल चुहान खानेपानी निर्माण तथा मर्मत | ३००,०००।० |
| 5 | हात्तीढुंगा गाईखर्ग खानेपानी निर्माण तथा मर्मत | २५०,०००।० |
| | | |
| पूर्वाधार विकास | | |
| 1 | सामाजिक कल्याण कोष हल फर्निचर व्यवस्थापन | २००,०००।० |
| 2 | साफा कल्याण कोष हल फर्निचर व्यवस्थापन | २००,०००।० |
| 3 | चोमोलुङ्गमा छोलिङ गुम्बा शौचालय निर्माण तथा फर्निचर व्यवस्थापन | ३५०,०००।० |
| 4 | धोत्रै डाँडा शेर्पा समुदायको सागर (आर्यघाट) निर्माण | ३००,०००।० |
| संस्कृति प्रर्वद्धन | | |
| 1 | माफगाउँ सुवुथान घेराबार तथा संरक्षण | १५०,०००।० |
| 2 | सिताम्दु सुवुथान घेराबार तथा संरक्षण | १५०,०००।० |
| 3 | किरात लगायत बहुधार्मिक संग्रालय तथा अनुसन्धान केन्द्र डि.पि.आर निर्माण (वडा समितिको निर्णय अनुसार) | ४००,०००।० |
| शिक्षा | | |
| 1 | वडा नं. ५ का विद्यालयहरुमा गुणस्तरीय शिक्षाको ागि अभिभावक, बुद्धिजिवी सहितको सहभागितामा सचेतना मुलक कार्यक्रम वडा समितिको निर्णय अनुसार | २००,०००।० |
| सिंचाई तथा कुलो | | |
| 1 | ठूलो सिम, पडारे, सिम्ले सिंचाई कुलो निर्माण | |

| | | |
|---|---|---|
| | | ४००,०००।० |
| अन्य विविध ( वडा समितिको निर्णय अनुसार) | | १,०००,०००।० |
| **लक्षित समूह** | | |
| 1 | जनजाती, दलित, अपांग, जेष्ठ नागरिक, बालबालिका (वडा समितिको निर्णयानुसार | ५००,०००।० |
| | | |
| | कुल जम्मा | ५,५००,०००।० |

अन्तमा, बजेट निर्माणको विषयमा सहयोग गर्नुहुने नेचासल्यान गाउँपालिकाको अध्यक्ष ज्यू, वडाध्यक्ष ज्यूहरु तथा सदस्य ज्यूहरु र कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनको सन्दर्भमा सरोकारवाला सबैको साथ सहयोगको अपेक्षा गर्दछु ।

## धन्यवाद ।